

मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क १६५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ असार १३ गते शुक्रबार ❑ 27 June 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## पोखराको फेवातालमा सीमा स्तम्भ गाड्ने अभियान ३४ प्रतिशत सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, १२ असार

पोखराको फेवातालमा सीमा स्तम्भ गाड्ने अभियान हाल ३४ प्रतिशत सम्पन्न भएको छ।

गत जेठ १७ गतेदेखि सुरु भएको उक्त कार्यको हालसम्म ३ सय ६० पिल्लरहरु गाडिएदा ३४ प्रतिशत सीमा स्तम्भ गाड्ने अभियान सम्पन्न भएको पोखरा उपत्यका नगर विकास समितिका कार्यालय प्रमुख प्रकाश सुवेदीले बताउनु भयो। सर्वोच्च अदालतको आदेश अनुसार फेवातालको पुनः सीमाङ्कन पश्चात् सीमा स्तम्भ गाड्ने काम तिव्र पारिएको पोखराका मेयर धनराज आचार्यले बताउनु भयो। पोखरा महानगरपालिका,



गण्डकी प्रदेश र नेपाल सरकारको संयुक्त पहलमा ताल घरमा सीमा स्तम्भहरू गाड्ने काम सुरुवात भएसंगै बिहीबार फेवातालको भकुन्डे माछा पोखरी क्षेत्रमा पिल्लर गाड्ने कार्यको पोखरा महानगरपालिकाका मेयर आचार्यले निरीक्षण समेत गर्नु भएको छ। निरीक्षणका क्रममा उहाँले फेवाताल संरक्षणका सम्बन्धमा सर्वोच्च अदालतको आदेशानुसार महानगरपालिकाले सम्बद्ध निकायहरूसँग समन्वय गरी आवश्यक कार्यहरू तिव्र रुपमा अघि बढाउदै आएको दाबी गर्नुभयो। ताल घरमा सीमा स्तम्भ गाड्ने कार्यमा खटिएका सर्वेक्षक, प्राविधिक, नगर प्रहरी, नेपाल प्रहरी र सशस्त्र प्रहरी बललाई उहाँले हौसला प्रदान गर्नुभएको छ। एक ऐतिहासिक कार्यको साक्षीका रूपमा उनीहरूको योगदान अतुलनीय रहेको मेयर आचार्यले बताउनु भयो। निष्ठाका साथ फेवातालको प्राकृतिक न्यायका लागि लागि रहेका सवैप्रति उहाँले आभार पनि व्यक्त गर्नुभएको छ। पहिलो चरणमा ताल घरमा सीमा स्तम्भ गाड्ने र दोस्रो चरणमा थप काम सुरुवात गर्ने महानगरपालिकाको योजना रहेको उहाँको भनाई छ।

## संस्कृत विश्वकै सम्पत्तिः राष्ट्रपति पौडेल

**पोखरापत्र संवाददाता**
पोखरा, १२ असार

राष्ट्रपति रामचन्द्र पौडेलले संस्कृत भाषा नेपाल र भारतको मात्र नभई विश्वकै सम्पत्ति बन्न पुगेको बताउनुभएको छ।

विश्व संस्कृत सम्मेलनलाई सम्बोधन गर्दै राष्ट्रपति पौडेलले संस्कृत भाषा, साहित्य र संस्कृतिको दक्षिण एशियामै गहिरो प्रभाव पर्दै आइरहेकामा अब यसलाई छिचोलेर विश्वव्यापी बन्न पुगेको बताउनुभएको हो। उहाँले भन्नुभयो, "कम्प्युटर र एआईको प्रयोगका कारण संस्कृत भाषाको भविष्य सुन्दर देखिन्छ। आजको अशान्त विश्व समाजले संस्कृत वाङ्मयबाट आशा र भरोसा खोजेको छ।" उपनिषदको 'यो चराचर चेतनाले भरिपूर्ण छ, यसको त्यागपूर्ण भोग गर, धनसम्पति दौलतमाथि आशक्ति र लोभ नगर' भन्ने संस्कृत श्लोक उद्धरण गर्दै उहाँले संस्कृत सम्मेलनले युद्धको बिभीषिका र सन्त्रासमा अल्झिएको वर्तमान संसारलाई शान्ति, सहयोग र सहअस्तित्वको सन्देश फैलाउँदै धर्ती, मानव र मानव सभ्यताको संरक्षण र विकास, सुख र सन्तोष युद्धबाट होइन शान्ति, करुणा र मैत्रीबाट मात्र सम्भव रहेको सन्देश दिनुपर्ने बताउनुभयो।

राष्ट्रपति पौडेलले नेपालले पनि संस्कृतको संरक्षण र विकासका लागि काम गर्दै आइरहेको बताउनुभयो। "यद्यपि यो त्यो अपर्याप्त छ, र अझ धेरै काम गर्न बाँकी छ, त्यसमा सहकार्य पनि आवश्यक छ।" राष्ट्रपति पौडेलले विकास चरम अवस्थामा पुगेपछि एकाधिकारले ठाउँ लिन्छ भन्ने अर्थशास्त्रको कुरा जस्तै संस्कृत भाषाको चरम विकास भएको बेला ठालुहरूले दलित वा अन्य जो कोहीले बोल्न र पढ्न हुन्न भनेर सीमाबद्ध गरेकाले जनबोलीको भाषा हुन नसकेको उल्लेख गर्दै संस्कृतलाई जनबोलीको भाषा बनाउन आवश्यक भएको बताउनुभयो।

उहाँले नेपाल प्राचीनकालदेखि नै ऋषि महर्षिहरूको जन्मभूमि, तपोभूमि, यज्ञभूमि, साधना भूमि रहँदै आएको बताउँदै महर्षि याज्ञवल्क्यले यसै पावन भूमिमा शुक्लयजुर्वेदका मन्त्रहरूको दर्शन पाएको र वाल्मीकिको पूर्वजीवन र वेदव्यासको जन्म पनि यसै भूमिमा भएको बताउनुभयो।

## गण्डकी प्रदेशसभाः बजेटमाथि उठेका प्रश्नमा मन्त्रीहरुद्वारा जवाफ प्रस्तुत

**पोखरापत्र संवाददाता**
पोखरा, १२ असार

गण्डकी प्रदेशसभाको बिहीबारको बैठकमा प्रदेश सरकारको आगामी आव २०८२/८३ को बजेट तथा मन्त्रालयगत विनियोजनमाथिको छलफलका क्रममा प्रदेशसभा सदस्यहरुले उठाएका प्रश्नमा सम्बन्धित मन्त्रालयका मन्त्रीहरुले जवाफ प्रस्तुत गर्नुभएको छ।

बैठकको सुरुमा वन तथा वातावरणमन्त्री भेषबहादुर पौडेलले उक्त मन्त्रालयको आगामी आवको योजना, कार्यक्रम र बजेटबारे उठेका प्रश्न तथा जिज्ञासाको जवाफ दिनुभएको थियो। मन्त्री पौडेलले सबै माग सम्बोधन गर्न नसकेपनि मन्त्रालययलेआवश्यकतापहिचान गरी बजेट विनियोजन गरेको बताउनुभयो।

बजेट निर्माणमा क्रममा भुलबश भएका कमजोरीलाई मन्त्रालयले आगामी दिनमा सच्चाउने उहाँको भनाइ छ। मन्त्री पौडेलले मुस्ताङलगायत हिमाली जिल्लाका किसानको बाली र पशुधनमा पुगेको क्षतिको राहतका लागि प्रदेश सरकारले आवश्यक प्रबन्ध गर्ने बताउनुभयो। उहाँले अन्नपूर्ण र मनाश्लु संरक्षण क्षेत्रलाई प्रदेश सरकार मातहत ल्याउन सके प्रदेशको राजश्व वृद्धि हुने उल्लेख गर्नुभयो। पोखरी तथा चौतारो संरक्षणलगायतका कामलाई अभियानका रुपमा सञ्चालन गरिने उहाँको भनाइ थियो। उद्योग तथा

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पोखरा-जोमसोम हवाई उडान दुई महिनाका लागि बन्द

**पोखरापत्र संवाददाता**
पोखरा, १२ असार

बर्खामा मुस्ताङ भ्रमण गर्ने हवाई यात्रुको सङ्ख्या घट्दै गएपछि निजी वायुसेवा कम्पनीले पोखरा-जोमसोम हवाई उडान दुई महिनासम्मका लागि बन्द गर्ने निर्णय गरेका छन्।

उक्त रुटमा नियमित उडान भर्दै आइरहेको तारा एअरलाइन्सको ट्वीनेटर जहाजले यही असार २ गतेदेखि दुई महिनाका लागि उडान स्थगित गरेको कम्पनीका जोमसोम स्टेशन इञ्चार्ज सुजन लालचनले जानकारी दिनुभयो। उहाँका अनुसार ताराले अब आगामी सेप्टेम्बरको पहिलो सातादेखि उडान पुनः सञ्चालन गर्नेछ।

"हवाई यात्रु कम भएको र मौसम प्रतिकुलताका कारण तारा एअरलाइन्सले उडान स्थगित गरेको हो, नयाँ याम सुरु भएपछि उडान सुरु हुन्छ", उहाँले भन्नुभयो। समिट एअरलाइन्सले पनि उक्त रुटमा यही असार २० गतेदेखि दुई महिनाका लागि हवाई उडान बन्द गर्ने जनाएको छ। जोमसोमस्थित समिट एअरलाइन्सका स्टेशन इञ्चार्ज सुमन थकालीले एक हप्तापछि २ महिनाका लागि पोखरा–जोमसोम हवाई उडान बन्द गर्ने निर्णय भएको जाकारी दिनुभयो। "अहिले यस रुटमा हवाई उडान दैनिक मुस्किलले एउटा मात्रै भएको छ, हवाई यात्रु पनि घट्दै गएका छन्", उहाँले भन्नुभयो। जोमसोम नागरिक उड्डयन कार्यालयले मनसुन सुरु भएसँगै हवाई यात्रुको घटेको जनाएको छ। कार्यालयका प्रमुख दीपक पोखरेलका अनुसार हाल पोखरा–जोमसोमका लागि तारा एअरले उडान स्थगित गरेको र समिट एयरले पनि केहीदिनमा स्थगित गर्ने जनाएको बताउनुभयो। बर्खायाम सुरु हवाईमार्ग मात्रै होइन सडकमार्गबाट जोमसोम आउने यात्रु पनि घटेको जिल्ला प्रहरी कार्यालय मुस्ताङका सूचना अधिकारी प्रहरी निरीक्षक विशाल अधिकारीले बताउनुभयो।

## बेमौसममा पनि पर्यटकलाई लोभ्याउँदै पोखराको 'असारे रोपाइँ महोत्सव'

**पोखरापत्र संवाददाता**
पोखरा, १२ असार

विशेषतः जुन, जुलाई र अगस्टलाई पोखरामा पर्यटकको बेमौसम (अफ सिजन)का रूपमा लिने गरिएको छ। यो समयमा मनसुनजन्य गतिविधि बढ्ने भएकाले पर्यटकको आगमन कम हुने गर्दछ।

यो यामलाई लक्षित गरी पोखरा आयोजना हुँदै आएको असारे रोपाइँ महोत्सव यतिखेर पर्यटकलाई आकर्षित गर्ने महत्त्वपूर्ण गतिविधि बनेको छ। 'पोखरा सबै मौसमका लागि' भन्ने मूल नाराका साथ प्रत्येक वर्षको असार १५ गते पोखरा पर्यटन परिषद्ले गर्दै आएको असारे रोपाइँ महोत्सव यस वर्षसम्म आइपुग्दा २०औँ संस्करणमा पुगिसकेको हो।


परिषद्ले विसं २०६१ देखि बर्सेनि असारे रोपाइँ महोत्सव गर्दै आएको हो। प्रत्येक वर्षको वार्षिक कार्यक्रममा समावेश गरेर पोखराका पर्यटनसम्बद्ध संस्थाको छाता सङ्गठन परिषद्ले गर्दै आएको यो महोत्सव पोखराको महत्त्वपूर्ण पहिचान बनिसकेको परिषद्का अध्यक्ष तारानाथ पहारीले बताउनुभयो। "पोखराको पर्यटनमा अफ सिजनका रूपमा रहेको यो



समयमा गर्ने गरिएको असारे रोपाइँ महोत्सवले केही दिनका लागि यहाँ आउने स्वदेशी तथा विदेशी पर्यटकको बसाइँ लम्ब्याउन सहयोग पुऱ्याएको छ", उहाँले भन्नुभयो।

पछिल्ला वर्षमा यही महोत्सवलाई लक्षित गरी आएका पर्यटकको बसाइँ बढ्नुका साथै यहाँ आउनेक्रम पनि बढ्दै जान थालेको यहाँका पर्यटन व्यवसायी बताउँछन्। परिषद्ले हरेक वर्ष पोखरा क्षेत्रका विभिन्न ठाउँमा रोपाइँ महोत्सव गर्दै आएकामा यस वर्ष हुने २०औँ संस्करण पोखरा महानगरपालिका-२६ स्थित लेखनाथको गुँदेताल (तालबैँसी) क्षेत्रमा गरिने परिषद्का महासचिव जीवनराज सापकोटाले जानकारी दिनुभयो। उहाँका अनुसार परिषद्को आयोजनामा हुने यस महोत्सवको स्थानीय संयोजन शान्तिप्रेमी आमा समूहले गरेको छ। महोत्सवबाट पोखरा तथा गण्डकी प्रदेशमा आन्तरिक तथा बाह्य पर्यटनको प्रवर्द्धनमा थप टेवा पुग्नुका साथै पोखरा भ्रमण वर्ष २०२५ लाई सफल बनाउने, नेपालको परम्परागत कृषि प्रणाली तथा उत्पादन प्रक्रियाको प्रत्यक्ष अवलोकन गर्ने, गुँदेताल र आसपासका पर्यटकीय गन्तव्यको प्रवर्द्धन गर्नेलगायत उद्देश्य राखिएको उहाँले बताउनुभयो।

महासचिव सापकोटाका अनुसार महोत्सवमा हिले दौड, रोपाइँ प्रतियोगिता, हिलोमा माछा छोप्ने प्रतियोगितासँगै उत्कृष्ट कृषक सम्मानलगायत विभिन्न कार्यक्रम राखिएको छ। महोत्सवमा विभिन्न देशका करिब २५० जना विदेशी पर्यटकसँगै स्वदेशी पर्यटकको उल्लेख्य उपस्थिति रहने उहाँले जानकारी दिनुभयो। "पर्यटनको बेमौसमका रूपमा रहेको यस समयमा गर्दै आइएको महोत्सवले केही न केही पर्यटकको आगमन बढाएको छ", उहाँले भन्नुभयो, "यही रोपाइँ महोत्सवलाई लक्षित गरेर यहाँ बसिरहेका पर्यटकले आफ्नो बसाइँलाई केही दिन लम्ब्याउने गरेका पर्यटन व्यवसायीबाट जानकारी प्राप्त भएको छ।" असारे रोपाइँ महोत्सव पर्यटनको बेयामका समयमा पनि उपयोगी बन्दै गएको उहाँले बताउनुभयो। यस संस्करणको महोत्सवको प्रवर्द्धकका रूपमा उद्योग तथा पर्यटन मन्त्रालय, गण्डकी प्रदेश, नेपाल पर्यटन बोर्ड रहेका छन् भने पोखरा महानगरपालिका, पोखरा महानगरपालिका वडा नं २६ को कार्यालय र लेखनाथ उद्योग वाणिज्य सङ्घले सहकार्य गरेका छन्। महोत्सवले गुँदे तालसहित समग्र लेखनाथ क्षेत्रको पर्यटन प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान पुग्ने विश्वास लिइएको पोखरा-२६ का वडाध्यक्ष नरेन्द्र थापाले बताउनुभयो।

# राष्ट्रिय ह्याण्डबल प्रतियोगिता सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, १२ असार

पोखरामा प्रथम गण्डकी कप महिला राष्ट्रिय ह्याण्डबल प्रतियोगिता आजबाट सुरु भएको छ।

गण्डकी प्रदेश ह्याण्डबल संघको आयोजनामा सुरु भएको प्रतियोगितामा समूह ए बाट एपिएफ क्लब र समूह बी बाट त्रिभुवन आर्मी क्लबले सेमीफाइनलको ढोका खुल्ला गरेका छन्। पोखरा ह्याण्डबल एकेडेमीको कोर्टमा भएको खेलमा समूह ए तर्फ एपिएफले गण्डकीलाई २२-६ र बागमतिलाई ३०-१ गोलअन्तरले हराउँदै सेमीफाइनलको सम्भावना बलियो बनाएको हो। बागमतिले मधेश प्रदेशलाई ६-१ ले हराउँदा समूह बि तर्फ आर्मीले लुम्बिनीलाई




२६-१३ र कोशीलाई ३७-८ को फाराकिलो गोलअन्तरले हराउँदै सेमीफाइनलको सम्भावना बलियो बनाएको हो।

सोही समूहको अर्को खेलमा कर्णालीले लुम्बिनीलाई ६-४ गोलले हराएको छ। प्रतियोगितामा कुल ८ टिमको सहभागिता छ। समूह ए मा एपिएफ, गण्डकी, बागमति र मधेश प्रदेश रहेको छ भने समूह बि मा आर्मी, लुम्बिनी, कोशी र कर्णाली प्रदेश रहेको छ। तीन दिन सम्म चल्ने प्रतियोगिताको विजेताले विजेताले १ लाख रुपैयाँ, उपविजेताले ५० हजार, तेस्रोले ३० तथा चौथो हुनेले २० हजार रुपैयाँको साथमा शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्ने कोषाध्यक्ष कृष्ण सिंह बस्नेतले जानकारी दिए। दक्षिण यसियाली ह्याण्डबल संघका उपाध्यक्ष तेज गुरुङले लामो समयपछी ह्याण्डबल प्रतियोगिताको आयोजना भएको बताए उनले ह्याण्डबलको संघ गठन हुन नसकेको कारण लामो समयदेखी खेल गतिविधि गर्न नसकेको भन्दै ओलम्पिक कमिटी र नेपाल सरकारको विवादका कारब धेरै खेल संघ पीडित भएको समेत सुनाए।

प्रदेश खेलकुद परिषद गण्डकीका उपाध्यक्ष ध्वज कुमार गुरुङले दशौ खेलकुदले खेल क्षेत्रलाई निरुत्साहित बनाउँदा यस्ता प्रतियोगिताले माहोल बनाउने गरेको बताए। प्रतियोगिता अन्तरगत भोलि लिगचरणका खेल सम्पन्न हुनेछन्।

# नेपाल पत्रकार महासंघ कास्कीको निशुल्क आँखा जाँच शिविर

**पोखरापत्र संवाददाता**
पोखरा, १२ असार

नेपाल पत्रकार महासंघ कास्कीको ४९ औं स्थापना दिवसको अवसरमा आयोजना गरिएको निशुल्क आँखा जाँच शिविर सम्पन्न भएको छ।

नेपाल नेत्र ज्योति संघ कास्की हिमालय आँखा अस्पतालको प्रविधिक सहयोगमा सम्पन्न शिविरमा १५२ जना पत्रकार, सञ्चारकर्मी एवम स्थानियले लाभ लिएका छन्। शिविरमा बोल्दै नेपाल नेपाल पत्रकार महासंघका केन्द्रिय उपाध्यक्ष उमिद बागचन्दले पत्रकारले जुनसुकै संचारमाध्यममा काम गरेपनि सबै भन्दा वढी प्रभाव आँखालाई पर्ने बताए। उनले पत्रकारको आँखा सुरक्षित राख्न नेत्र ज्योति संघले सहयोग गरेकोमा धन्यवाद दिए।



नेपाल नेत्र ज्योती संघ कास्कीका अध्यक्ष सुरेन्द्र थापा मगरले नेपालमा आँखा उपचारमा अब्बल रहेको बताउदै अन्य रोगको उपचार गर्न नागरिक विदेश गए जस्तै आँखा उपचार गर्न विदेशी नेपाल आउने गरेको बताए। पत्रकारको आँखामा केही समस्या भएमा हिमालय आँखा अस्पातालले पत्रकार महासंघको सिफारिसमा अवस्था हेरेर उपचारमा सहयोग गने बताए।

शिविरमा हिमालय आँखा अस्पतालका प्रशासकिय अधिकृत कुमार गर्बजा, नेत्र अधिकृत गोविन्दनाथ योगी सहित ९ जनाको टोली सहभागी थियो। नेपाल पत्रकार महासंघ कास्कीका कार्यवाहक अध्यक्ष माधव रेग्मीको अध्यक्षतामा सम्पन्न कार्यक्रमको संचालन सचिव भुपाल गुरुङले गरेका थिए।

# पोखरामा पहिलो पटक लिङ्ग भैरवी देवी दर्शन

**पोखरापत्र संवाददाता**
पोखरा, १२ असार

पहिलो पटक पोखरामा लिङ्ग भैरवी देवी दर्शन आयोजन हुँदैछ। असार १४ गते, शनिवार साँझ ६ बजेदेखि ८ बजेसम्म नेवा छे भवन, भीमसेनटोल, पोखरामा हुन लागेको देवी दर्शन सबैका लागि खुला छ। देवीको कृपा अनुभव गर्न र उनको आशीर्वाद प्राप्त गर्नका लागि यो एक अनुपम अवसर हो।

यस कार्यक्रममा भक्तालुहरूले देवी आरती र देवी अभिषेकमा भाग लिने अवसर पाउनेछन्। देवी अभिषेक सद्गुरुद्वारा रचना गरिएको एक प्रक्रिया हो, जसमा देवीको कृपा पाउनको लागि कृतज्ञताको भावसँग ११ वटा अर्पणहरू चढाइन्छ। यो प्रक्रिया देवी मन्दिरमा हरेक दिन, तीन पटक गरिन्छ। यस रातलाई अझ




विशेष बनाउन, साउन्ड्स अफ ईशाले आफ्ना विशेष गीत र संगीत प्रस्तुत गर्नेछन्। साथै, उपस्थित भक्तालुहरुलाई प्रसाद अर्पण गरिनेछ। लिङ्ग भैरवी देवीको प्राण-प्रतिष्ठा सन् २०१० मा सद्गुरुद्वारा कोयम्बतूरको ईशा योग केन्द्रमा गरिएको हो। देवीको वास्तविक प्रतिमा आठ फिट अग्लो छ, र हरेक दिन हजारौं भक्तहरू उहाँको दर्शनको लागि आउँछन्। लिङ्गको स्वरूपमा रहनुभएकी देवीको यो रूप अद्वितीय छ; लिङ्ग-स्वरूप भौतिकबाट परको प्रतीक हो।

लिङ्ग भैरवी परम स्त्री-प्रकृति वा देवीको सबैभन्दा उच्चतम अभिव्यक्ति हुनुहुन्छ। काठमाण्डौको बसुन्धारामा पनि सद्गुरुले २०७९ साल फाल्गुन २३ गते लिङ्ग भैरवी देवी मन्दिरको प्राण-प्रतिष्ठा गर्नुभएको हो। लिङ्ग भैरवी परम स्त्री-प्रकृतिको एक उल्लासपूर्ण अभिव्यक्ति हुनुहुन्छ। उहाँ करुणामयी र शक्तिशाली हुनुहुन्छ। उहाँका ऊर्जाहरू शारीरिक, भौतिक र आध्यात्मिक खुसियालीको लागि सहायक छन्। देवीले धेरै मानिसहरूको जीवनमा सद्भाव, शान्ति र आनन्द ल्याउनुभएको छ। एक साधकको लागि, उहाँ भौतिकबाट पर जनाको लागि एक द्वार पनि हुनुहुन्छ।

# एक-अर्काको ...

पर्यटनमन्त्री मित्रलाल बस्यालले नवलपुरको लोकाहाखोला र कास्कीको पुँडीटार औद्योगिक क्षेत्रको वातावरणीय प्रभाव मुल्याङ्कनको प्रतिवेदन स्वीकृत भएको जानकारी दिनुभयो। उहाँले प्रदेश गौरवका आयोजनाका रुपमा रहेका यी दुई औद्योगिक क्षेत्रलाई चाहिने जग्गाको भोगाधिकार लिने प्रकृया अगाडि बढेको बताउनुभयो। मठमन्दिरलगायत धार्मिक क्षेत्रमा विनियोजन गरिएको बजेट धार्मिक पर्यटन प्रवर्द्धनका लागि भएको मन्त्री बस्यालले उल्लेख गर्नुभयो। बजेट छलफलका क्रममा मठमन्दिरलाई बजेट धेरै विनियोजन गरेर उद्योग क्षेत्रलाई कम प्राथमिकता दिएको भन्दै प्रदेशसभा सदस्यहरुले प्रश्न उठाउनुभएको थियो। मन्त्री बस्यालले पदमार्ग, धार्मिक पूर्वाधार, उद्योगलगायतका क्षेत्रमा बजेटलाई केन्द्रित गरिएको भनाइ राख्नुभयो। आर्थिक मामिलामन्त्री डा टकराज गुरुङ लगानी सम्मेलनका लागि मन्त्रालयले तयारी अगाडि बढाइसकेको जानकारी दिनुभयो। सामाजिक विकास, युवा तथा खेलकुदमन्त्री बिन्दुकुमार थापाले राम्रा कार्यक्रम निरन्तरता दिँदै केही नयाँ योजना अगाडि बढाएको भनाइ राख्नुभयो। उक्त मन्त्रालयमार्फत आगामी आवमा १४ जनालाई विभिन्न १९ थरी सीप प्रदान गरिने उहाँको भनाइ थियो। उहाँले उद्यमशीलता प्रवर्द्धनका लागि बिउपूँजी र ब्याजनमा अनुदान दिइने बताउनुभयो। सीप विकास तालिम केन्द्रमार्फत तीन महिने तालिम दिएर स्वदेशमा आत्मनिर्भर बन्न युवाहरुलाई प्रेरित गरिने मन्त्री थापाको भनाइ थियो। उहाँले गुरुङ र मगर भाषालाई सरकारी कामकाजको भाषा बनाउनेलगायत प्रदेशसभामा रहेको ऐनलाई चाँडै पूर्णता दिइने उल्लेख गर्नुभयो। कृषि तथा भूमिसुधारमन्त्री पद्यमा जिसी श्रेष्ठले किसानको हितमा कार्यक्रम केन्द्रित गरिएको बताउनुभयो।

बाँकी मन्त्रालयका तर्फबाट शुक्रबारको बैठकमा जवाफ प्रस्तुत हुने जनाइएको छ। यही असार १ गते प्रस्तुत भएको आगामी आवको बजेटमाथि असार ४ गतेदेखि प्रदेशसभामा छलफल सुरू भएको थियो। बजेट र मन्त्रालयगत विनियोजनमाथिको छलफल सकिएपछि बजेत पारितका लागि प्रदेशसभा बैठकमा निर्णायार्थ पेस हुने प्रदेशसभा सचिवालयका सूचना अधिकारी हरिबहादुर खपाङ्गी मगरले जानकारी दिनुभयो।

# पत्रकार अपिल त्रिपाठीलाई मातृ शोक

**पोखरापत्र संवाददाता**
पोखरा, १२ असार

पत्रकार अपिल त्रिपाठीलाई मातृ शोक परेको छ। उहाँकी आमा तुलसादेवी त्रिपाठीको ७५ वर्षको उमेरमा बुधबार साँझ निधन भएको पारिवारिक श्रोतले जनाएको छ। उहाँको पोखरास्थित एक अस्पतालमा उपचारका क्रममा निधन भएको हो।

बिहीबार पोखराको रामघाटमा दिवंगत तुलसादेवीको दाहसंस्कार गरिएको हो। उहाँ पोखरा २८ कालिकामा बस्दै



आउनु भएको थियो। उहाँको स्मृतिमा नेपाली संस्कार अनुसार काजकृया कालिकामा हुने भएको छ। त्रिपाठी प्रति श्रद्धाञ्जली अर्पण गर्दै पत्रकारिता क्षेत्रका व्यक्तिहरू, राजनीतिज्ञ, समाजसेवी, उद्योगी व्यवसायी, शुभेच्छुक तथा आफन्तहरूले त्रिपाठी परिवारप्रति गहिरो समवेदना प्रकट गर्नु भएको छ।

शव यात्रामा गण्डकी प्रदेशमा पूर्व मुख्यमन्त्री खगराज अधिकारी, पोखराका मेयर धनराज आचार्य, वडा अध्यक्षहरु, पार्टीका नेताहरु, समाजसेवी, शुभेच्छुकहरुको सहभागिता रहेको थियो।

# गण्डकी प्रदेशस्तरीय कबड्डीको उपाधि नवलपुरलाई

**पोखरापत्र संवाददाता**
पोखरा, १२ असार

गण्डकीप्रदेशकबड्डीसङ्घले आयोजना गरेको प्रदेशस्तरीय कबड्डी प्रतियोगिताको उपाधि नवलपुर जिल्लाले जितेको छ।

व्यास नगरपालिका-१ फुटसल मैदानमा आज सम्पन्न फाइनलमा कास्कीलाई पराजित गर्दै नवलपुरले उपाधि जितेको हो। प्रदेश खेलकुद परिषद्को आर्थिक सहयोग र जिल्ला खेलकुद विकास समिति तनहुँको व्यवस्थापनमा भएको प्रतियोगितामा म्याग्दी र गोरखा तेस्रो भएको छ। प्रथम हुने नवलपुरले रु ७० हजार, दोस्रो हुने कास्कीले नगद रु ५० हजार र तेस्रो हुने म्याग्दी र गोरखाले रु २५/२५ हजार नगद पुरस्कार प्राप्त गरेको गण्डकी प्रदेश कबड्डी सङ्घका महासचिव राजेन्द्र क्षेत्रीले जानकारी दिनुभयो। सोमबारदेखि सुरु प्रतियोगिताअन्तर्गत आज १० खेल आयोजना गरिएको थियो। प्रतियोगितामा तनहुँ, गोरखा, नवलपुर, कास्की, स्याङ्जा, पर्वत, बागलुङ र म्याग्दीको सहभागिता थियो।

# माउन्ट अन्नपूर्ण मा.विमा ओलम्पिक दिवस

**पोखरापत्र संवाददाता**
पोखरा, १२ असार

पोखरा ३ नदिपुर भिसि मार्गमा रहेको माउन्ट अन्नपूर्ण मा.विमा अन्तराष्ट्रिय ओलम्पिक दिवस बिबिध कार्यक्रमका साथ मनाईएको छ।

हरेक वर्ष जुन २३ तारिखका दिन मनाईने ओलम्पिक दिवसलाई लक्षित गरेर विद्यालयले बिभिन्न गरि अन्तराष्ट्रिय ओलम्पिक दिवस मनाएको हो। कार्यक्रमहरुमा प्रा.वि,नि.मा.वि र मा.वि तहमा चित्रकला प्रतियोगिता,ओलम्पिक दिवसको बारेमा निवन्ध लेखन त्यस्तै तिनै तह स्तरिय हस्त लेखन प्रतियोगिताका साथै बक्तृत्वकला, नाटक प्रदर्शन,हाजिर जबाफ प्रतियोगिता, जुनियर तहमा बिबिध खेलकुद कार्यक्रम आयोजना गरि मनाएको विद्यालयका अतिरिक्त क्रियाकलाप निर्देशक एबम् नेपाल ओलम्पिक कमिटिका पूर्व उपाध्यक्ष तेजबहादुर गुरुङले जानकारी दिए।

यस्तै बिद्यालयले उक्त कार्यक्रममा सहभागि र बिजयी भएका बिद्यार्थीहरुलाई बिहिबार एक कार्यक्रमको आयोजना गरि विद्यालयका प्राचार्य सइन्द्रराज श्रेष्ठ, अतिरिक्त क्रियाकलाप निर्देशक तेजबहादुर गुरुङ, प्रशासक चित्र गुरुङ, इसिएका तहका अतिरिक्त क्रियाकलाप संयोजक उमेश खनाल लगाएत अन्य शिक्षक,शिक्षिकाहरुको सहभागितामा अन्तराष्ट्रिय ओलम्पिक कमिटि द्धारा प्राप्त प्रमाण पत्र प्रदान गरिएको थियो। प्रतियोगिताले बिद्यार्थीमा उत्साह थपेको र अध्ययनमा पनि



सहयोग पुग्ने अतिरिक्त क्रियाकलाप निर्देशक गुरुङले बताए। यस्तै अतिरिक्त कार्यक्रमहरुलाई निरन्तरता दिदै जाने प्राचार्य श्रेष्ठले बताए। माउन्ट अन्नपूर्ण मा.वि गण्डकी प्रदेशमानै निजि स्तरबाट सञ्चालित पहिलो निजि बिद्यालय हो।

# मनास्लुको फँदमा फुटबल प्रतियोगिता, उपाधि सामा मनास्लुलाई

**पोखरापत्र संवाददाता**
गोरखा, १२ असार

मनास्लु हिमालको फँदमा आयोजित सातौं नुब्री मनास्लु कप फुटबल प्रतियोगिताको उपाधि सामा मनास्लु फुटबल क्लवले जितेको छ।

प्रोक फुटबल क्लबको आयोजनामा समुद्री सतहबाट ३५०० मिटर उचाइमा अवस्थित चुमनुब्री-२ स्यालामा सम्पन्न प्रतियोगिताको बिहीबार भएको फाइनलमा ल्हो पेमा सम्भवा 'ए'लाई १-० गोलअन्तरले हराउँदै सामा मनास्लुले उपाधि जितेको हो।

बिजेता सामा मनासलु रु एक लाख ३० हजारसहित ट्रफी, पदक र प्रमाण प्राप्त गरेको नुब्री मनास्लु कपका उपाध्यक्ष लाक्पा दोर्जेले बताउनुभयो। उपबिजेता ल्हो पेमा सम्भवा 'ए'ले रु ६५ हजारसहित ट्रफी, पदक र प्रमाणपत्र प्राप्त गरेको छ। प्रतियोगितामा तेस्रो स्थानमा रहेको सफल सामा युथ फुटबल क्लवले रु ३५ हजारसहित ट्रफी, पदक र प्रमाणपत्र प्राप्त गरेको आयोजकले जनाएको छ। साथै प्रत्येक खेलका उत्कृष्ट खेलाडीलाई पनि पुरस्कार दिइएको थियो।

ल्हो पेमा सम्भवा 'ए'का उर्गेन लामा प्रतियोगिताका उत्कृष्ट खेलाडी हुनुभयो। प्रतियोगितामा छ गोल गर्नुभएका सामा मनासलु फुटबल क्लवका पेमा नोर्बु सर्वाधिक गोलकर्ता बन्नुभयो भने सोही क्लबका पासाङ नोर्कु लामा उत्कृष्ट गोलरक्षक बन्नुभयो। साथै ल्हो पेमा सम्भवा 'बि' फेयर टिम बन्दै रु छहजार पुरस्कार प्राप्त गऱ्यो। महिलातर्फको उपाधि स्याला 'ए'ले हात पाऱ्यो। आजै भएको फाइनलमा सामा गर्ल्स एफसीलाई ४-० को फराकिलो गोलअन्तरले हराउँदै स्याला 'ए' बिजेता बनेको हो। विजेताले रु १८ हजार र उपविजेताले रु १० हजारसहित ट्रफी, पदक र प्रमाणपत्र प्राप्त गरे।

प्रतियोगितामा पुरुषतर्फ १३ र महिलातर्फ तीन टिमले सहभागिता जनाएका थिए। बिजेताहरुलाई प्रोक फुटबल क्लबका संस्थापक सोनाम दोर्जे रिम्पोछेले पुरस्कार वितरण गर्नुभयो। उत्तरी गोरखा हिमाली भेगका युवाहरुबीच मेलमिलापको भावना विकास गर्न लामा गुरु सोनाम दोर्जे रिम्पोछेले पहिलो पटक २०७३ सालबाट नुब्री मनास्लु कप फुटबल प्रतियोगिताको आयोजना गर्नुभएको थियो। त्यसयता प्रत्येक वडाले आलोपालो प्रणालीमा प्रतियोगिता आयोजना गदै आएका छन्। प्रतियोगिताको आठौं संस्करण बिही फुटबल क्लवले आयोजना गर्ने भएको छ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : बिसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्वन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

गरिबी अपराधको जन्मदाता हो । - मार्कस औरिलिअस्

## सम्पादकीय

# जसपा नेपालको समर्थन फिर्ता

संविधान संशोधन गर्ने भनेर एक वर्षअघि बनेको काङ्ग्रेस एमाले गठबन्धनले दुई तिहाइ समर्थन पाउने अवस्था क्षीण हुँदै गएको छ। संविधान संशोधन गर्न संघीय संसदको दुई तिहाइ बहुमत चाहिन्छ । राष्ट्रिय सभामा सामान्य बहुमत काङ्ग्रेस एमालेसँग छैन। माओवादी, समाजवादी र जसपा नेपाल एक ठाउँमा रहँदा सरकारलाई बहुमत पुऱ्याउन सक्दैन । सरकारले ल्याउने विधेयक दुवै सदनबाट पारित हुनुपर्छ। प्रतिनिधिसभामा बहुमतका लागि समस्या नभएपनि राष्ट्रिय सभामा बहुमतको लागि फागुनसम्म कुर्नुपर्छ। सरकारलाई समर्थन गरेको जसपा नेपालले समर्थन फिर्ता लिने निर्णय गरेको छाउपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी (जसपा) नेपालले संसदीय दलले सरकारलाई दिएको समर्थन फिर्ता लिए राष्ट्रियसभाबाट बजेट पारित गर्न नै समस्या पर्ने देखिन्छ।

जसपा नेपालले सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि राष्ट्रियसभामा सरकार अल्पमतमा पर्नेछ । ५९ सदस्यीय राष्ट्रियसभामा २७ जना मात्र सांसद सत्तापक्षका छन्। राष्ट्रियसभाबाट बजेट पास गर्न ३० जना सांसद चाहिन्छन् । जसपाले साथ दिँदा मात्रै ३० सांसद पुग्थे । राष्ट्रियसभामा जसपाका तीन जना सांसद छन्। जसपाको साथ हुँदा बहुमत भएको सरकार राष्ट्रियसभामा अल्पमतमा पर्ने अवस्था आएको छ। राष्ट्रियसभाको सबभन्दा ठूलो दल प्रमुख प्रतिपक्ष दल नेकपा माओवादी केन्द्र हो । माओवादीका १७ सांसद छन्। नेकपा एकीकृत समाजवादीका ८ र राष्ट्रिय जनमोर्चाका १ सांसद विपक्षमा छन् । यसरी विपक्षमा हाल २६ सांसद छन्। राष्ट्रियसभामा तीन जना मनोनीत सांसद हुन्छन्, जसमा एक जना माओवादीका नारायणप्रसाद दाहाल हुन् । उनी राष्ट्रियसभाका अध्यक्ष छन्। अञ्जन शाक्य नेकपा एमालेको कोटामा राष्ट्रियसभा सांसद छिन् । त्यस्तै, नेकपा कालमा राष्ट्रियसभाका सांसद भएका वामदेव गौतम छन् । पछिल्लो समयमा गौतम पनि एमालेसँग सन्तुष्ट छैनन्। यस्तो अवस्थामा सरकार अल्पमतमा परेमा प्रतिनिधिसभाबाट पास भइसकेको बजेट राष्ट्रियसभामा फेल हुने सम्भावना छ। बजेट फेल हुने अवस्था आउन नदिन सरकारले उपाय निकाल्न सक्छ।

यदि जसपाले बजेट पास गर्न मत दिएन भने सरकारमाथि दबाब पर्ने देखिन्छ। जसपाको ७ र ८ असारमा काठमाडौंमा बसेको केन्द्रीय कार्यकारिणी समितिको बैठकले सरकारलाई दिएको समर्थन फिर्ता लिन संसदीय दललाई निर्देशन दिएको थियो। महासचिव रामकुमार शर्माले सरकारले जनताको पक्षमा काम गर्न नसकेको र बजेटमा सत्ताधारी दलकै सांसदहरूले नै विरोध गरेका कारण समर्थन फिर्ता लिने निर्णय भएको जनाए। बजेटलाई लिएर सत्तारूढ दलभित्रै उकुसमुकुस भएको देखेर समर्थन फिर्ता लिने निर्णय गरेकाो तर्क दिएको छ।

सरकारमा सहभागी नभएर पनि समर्थन दिएको जसपा नेपाल विभाजनले गर्दा विपक्षमा जाने निर्णयमा कुनै नीतिगत असहमति छैन। सरकारले काम गर्न सकेन। उल्टै हामीविरुद्ध अख्तियार प्रयोग गर्ने, अदालत प्रयोग गर्ने, निर्वाचन आयोग प्रयोग गर्ने काम भयो। त्यस कारण हामीले सरकारलाई दिएको समर्थन फिर्ता लिने निर्णय गरेको तर्क पोहोर मरिन सासू अहिले आए आँसु भने जस्तै हो।

पार्टी विभाजनपछि निर्वाचन आयोग, अदालत कतैबाट पनि न्याय नपाएको गुनासो जसपा नेपालको छ। कार्यकाल सकिएपछि फैसला गरेर के काम हुन्छ । पार्टी विभाजन अहिले भएको छ । तर, न त आयोगले न त अदालतले नै न्याय दियो । यसमा यो सरकारले खेल्यो । जसपा नेपालको आरोप सरकारलाई दिएको समर्थन फिर्ता लिने निहुँ हो। नीतिगत विवाद नभएको बेला समर्थन फिर्ता अस्थिर चरित्र हो।अस्थिर स्वभावले दलको नेतृत्वको अयोग्यता देखाउँछ।

# स्थानीय जातका गाई र हालगोरू पाल्ने कृषकलाई अनुदान वितरण

**पोखरापत्र संवाददाता**
पर्वत, १२ असार

पर्वतको जलजला गाउँपालिकाले स्थानीय जातका गाई र हलगोरू पाल्ने कृषकहरूलाई प्रोत्साहनका लागि अनुदान वितरण गरिएको छ।

चालु आर्थिक वर्ष विसं २०८१/०८२ को गाउँपालिकाको स्थानीय गाई/गोरू संरक्षण कार्यक्रमअनुसार छनोट भएका कृषकलाई प्रोत्साहनका लागि अनुदान वितरण गरिएको हो । गाउँपालिकाका अध्यक्ष राजुप्रसाद आचार्य र उपाध्यक्ष दीपक आचार्यले बुधबारदेखि गाउँपालिकाको कार्यालयबाट अनुदान वितरण कार्य सुरू गर्नुभएको छ। चालु आर्थिक वर्षमा दुई वटा शीर्षकमा रु १३ लाख बजेट विनियोजन भएको कार्यक्रममार्फत पालिकाभित्रका ९ वटै वडाबाट छनोट भएका ३६५ वटा स्थानीय जातका गाई र ५४ हलगोरू पालेका कृषक अनुदानका लागि छनोट भएको गाउँपालिकाको पशु विकास अधिकृत सन्देश गौडेलले जानकारी दिनुभयो । प्रतिगाई रु दुई हजार र प्रतिहल गोरु रु आठ हजारका दरले अनुदान वितरण गरिएको उहाँले बताउनुभयो । गाउँपालिकाले सार्वजनिक सूचना जारी गरेर तोकिएको मापदण्ड पूरा गरेका कृषकहरूलाई छनोट गरेर रकम वितरण गर्न थालेको हो।

स्थानीय जातको गाई संरक्षण, गोरू पाल्ने कृषकलाई प्रोत्साहन गर्दै खेतीपातीलाई बढवा दिन तथा जग्गा बाँझो रहन नदिनको लागि यो कार्यक्रम प्रभावकारी बनेको जलजला गाउँपालिकाका अध्यक्ष राजुप्रसाद आचार्यले बताउनुभयो। गाउँपालिकाभित्र गाई र हलगोरू पाल्ने कृषकको सङ्ख्या समेत बर्सेनि बढ्दै गएको छ।

व्यावसायिक किसानलाई गाउँपालिकाले नै 'मिनी टिलर' बाँडेको भए पनि पहाडी क्षेत्रका भिराला र बाटोको सुविधा नभएका ठाउँमा 'मिनी टिलर' लैजान नसक्दा पाखा, छेउछाउ र भिर नजिकका जग्गा बाँझो रहन नदिन हलगोरु पाल्ने कृषकलाई प्रोत्साहन गरिएको उहाँले बताउनुभयो । यो कार्यक्रममार्फत आगामी आव विसं २०८२/०८३ मा पनि रु १३ लाख विनियोजन भएको जलजला गाउँपालिकाका उपाध्यक्ष दीपक आचार्यले बताउनुभयो । पछिल्लो कार्यकालका जनप्रतिनिधि निर्वाचित भएपछि आव विसं २०७९/८० देखि जलजलामा स्थानीय जातको गाई संरक्षण र हलगोरू पाल्ने कृषकलाई अनुदान दिने कार्यक्रमले निरन्तरता पाएको छ । आगामी आवको बजेटमा पर्वतको पैंयू गाउँपालिकाले पनि हलगोरु पाल्ने कृषकलाई अनुदान दिनका लागि बजेट विनियोजन गरेको छ। मिनिटेलर प्रयोग गर्ने जनशक्तिको अभाव हुँदै गएपछि गाउँपालिकाहरूले परम्परागत गोरू पाल्ने प्रचलनलाई नै बढाबा दिन थालेका हुन्।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २१ मा दुवार दुलेगौडा हुदै कस्यारघाट जाने मोटर बाटो निर्माण कार्य गर्दा तपसिल बमोजिमको आम्दानी तथा खर्च भएको ब्यहोरा सरोकारवालाहरुमा जानकारीको लागि यो सार्वजनिक सूचना जारी गरिएको छ।

योजनाको नामः दुवार दुलेगौडा हुदै कस्यारघाट जाने मोटर बाटो निर्माण
ठेगानाः पोखरा-२१, दुहार
योजना सुरु हुने मिति : २०८२/०२/२० गते
योजनाको सुरु मितिः २०८२/०२/२१ गते
योजना सम्पन्न हुने मिति : २०८२/०३/१२ गते
योजना सम्पन्न भएको मितिः २०८२/०३/१२ गते
योजनाको कुल लागत : रु. ११,८५,६१०.१९
महानगरपालिकाबाट प्राप्त : रु. १०,००,०००।-
जनसहभागिताबाट प्राप्त : रु. १,८५,६१०।-
उपभोक्ता समिति अध्यक्षः कमल बहादुर आचार्य
मो.९८५६०७८८७०
उपभोक्ता समिति सदस्य संख्याः ७ जना मः ४ पुः ३
अनुगमन संयोजकः राजेन्द्र आचार्य
इन्जिनियरः नभनारायण ढुंगाना, लक्ष्मण कुमार शर्मा

**दुवार दुलेगौडा हुदैं कस्यार घाट जाने मोटर बाटो निर्माण उपभोक्ता समिति पोखरा-२१**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २१ मा दुवारा भित्री बाटो निर्माण कार्य गर्दा तपसिल बमोजिमको आम्दानी तथा खर्च भएको ब्यहोरा सरोकारवालाहरुमा जानकारीको लागि यो सार्वजनिक सूचना जारी गरिएको छ।

योजनाको नामः दुवारा भित्री बाटो निर्माण
ठेगानाः पोखरा-२१, दुहार
योजना सुरु हुने मिति : २०८२/०१/३१ गते
योजनाको सुरु मितिः २०८२/०२/०१ गते
योजना सम्पन्न हुने मिति : २०८२/०२/३० गते
योजना सम्पन्न भएको मितिः २०८२/०२/३० गते
योजनाको कुल लागत : रु. ७,०७,२९१.६६
महानगरपालिकाबाट प्राप्त : रु. ६,००,०००।-
जनसहभागिताबाट प्राप्त : रु. १,०७,२९१.६६
उपभोक्ता समिति अध्यक्षः राजेन्द्र प्रसाद आचार्या
मो.९८१३७२११८१
उपभोक्ता समिति सदस्य संख्याः ७ जना मः ३ पुः ४
अनुगमन संयोजकः विमला के.सी.
इन्जिनियरः नभनारायण ढुंगाना, लक्ष्मण कुमार शर्मा

**दुवारा भित्री बाटो निर्माण उपभोक्ता समिति पोखरा-२१, दुबार**

# विषादी न्यूनीकरणमा जोड दिँदै कृषि ज्ञान केन्द्र

**पोखरापत्र संवाददाता**
मुस्ताङ, १२ असार

हिमाली जिल्ला मनाङमा रासायनिक विषादीरहित उत्पादन हुने स्थानको रूपमा परिचित छ । तर, यहाँ विषादी उपयोगमा न्यूनीकरण तथा प्रयोगमा ल्याउनु अघि नै सचेत गराउने उद्देश्यले समुदायस्तरमा सचेतना फैलाउन कृषि ज्ञान केन्द्र लागिपरेको छ।

खेतीबालीमा अधिकांश स्थानमा विषादी प्रयोग भएको पाइएको छ । यहाँ पनि बढी उत्पादन लिने र किराफट्याङ्ग्रालाई मार्ने उद्देश्यले उपयोगमा ल्याउन सक्ने सम्भाव्यतालाई मध्यनजर गरी सचेतनाका कार्यक्रम गरिएको केन्द्र प्रमुख मदन रेग्मीले जानकारी दिनुभयो। मानव स्वास्थ्यमा पार्ने असरका बारेमा समुदायस्तरमा सचेतना फैलाउन आवश्यक देखेर अभियानकै रूपमा कार्यक्रमलाई अगाडि बढाइएको उहाँले बताउनुभयो।

"रासायनिक विषादी उपयोगलाई न्यूनीकरण गदै स्थानीय वनस्पति, गहुँत, गोबरलगायतबाट मल बनाउन समेत सिकाइएको छ, जैविक मलको प्रयोगले माटोको उर्वरतामा वृद्धि गर्छ, यसका लागि जैविक मल उपयुक्त हो", उहाँले भन्नुभयो। किराफट्याङ्ग्रा लाग्न नदिनका लागि वानस्पतिक विषादी एवं झोलमल बनाउने विधिसम्बन्धि तालिम दिइएको छ । चामे गाउँपालिका-२ का करिब ४२ किसानलाई प्राङ्गारिकमय बनाउने उद्देश्यले रासायनिकभन्दा प्राङ्गारिक मल प्रयोगमा ल्याउन सिकाइएको प्रमुख रेग्मीले बताउनुभयो।

"विषादीरहित खानपान हुन्छ भन्ने बुझेका यहाँ आउने पर्यटकलाई व्यवहारमा पनि लाग्नु आवश्यक छ, जसले मानवीय स्वास्थ्यमा पनि असर नगरोस् र यसले जैविक खेतीतर्फ आकर्षित पनि गराउन सकियोस्", उहाँले भन्नुभयो, "विषादीको प्रयोगलाई न्यूनीकरणभन्दा पनि पूर्ण रूपमा उपयोगमा नल्याउन सिकाइएको छ ।" सिस्नु, तितेपातीबाट जैविक मल बनाउन सिकाइएको छ । जैविक मलले माटोको उर्वरतामा वृद्धि गर्ने प्रमुख रेग्मीले बताउनुभयो। मनाङमा उत्पादित खाद्यवस्तु पूर्ण रूपमा विषादीरहित भए पनि अहिले मौसममा आएको परिवर्तनले विषादी हाल्नुपर्ने सूचना पाएका किसानलाई सचेत गराउन आवश्यक छ। मावनीय स्वास्थ्यसँग जोडिएकाले खाद्यान्न, तरकारीलगायतमा विषादी प्रयोगलाई पूर्ण रूपमा निरुत्साहित गर्नुपर्ने देखिन्छ।

# स्थानीय जातका गाई र हालगोरू पाल्ने कृषकलाई अनुदान वितरण

**पोखरापत्र संवाददाता**
पर्वत, १२ असार

पर्वतको जलजला गाउँपालिकाले स्थानीय जातका गाई र हलगोरू पाल्ने कृषकहरूलाई प्रोत्साहनका लागि अनुदान वितरण गरिएको छ।

चालु आर्थिक वर्ष विसं २०८१/०८२ को गाउँपालिकाको स्थानीय गाई/गोरू संरक्षण कार्यक्रमअनुसार छनोट भएका कृषकलाई प्रोत्साहनका लागि अनुदान वितरण गरिएको हो।

गाउँपालिकाका अध्यक्ष राजुप्रसाद आचार्य र उपाध्यक्ष दीपक आचार्यले बुधबारदेखि गाउँपालिकाको कार्यालयबाट अनुदान वितरण कार्य सुरू गर्नुभएको छ । चालु आर्थिक वर्षमा दुई वटा शीर्षकमा रु १३ लाख बजेट विनियोजन भएको कार्यक्रममार्फत पालिकाभित्रका ९ वटै वडाबाट छनोट भएका ३६५ वटा स्थानीय जातका गाई र ५४ हलगोरू पालेका कृषक अनुदानका लागि छनोट भएको गाउँपालिकाको पशु विकास अधिकृत सन्देश गौडेलले जानकारी दिनुभयो । प्रतिगाई रु दुई हजार र प्रतिहल गोरु रु आठ हजारका दरले अनुदान वितरण गरिएको उहाँले बताउनुभयो।

गाउँपालिकाले सार्वजनिक सूचना जारी गरेर तोकिएको मापदण्ड पूरा गरेका कृषकहरूलाई छनोट गरेर रकम वितरण गर्न थालेको हो। स्थानीय जातको गाई संरक्षण, गोरू पाल्ने कृषकलाई प्रोत्साहन गर्दै खेतीपातीलाई बढवा दिन तथा जग्गा बाँझो रहन नदिनको लागि यो कार्यक्रम प्रभावकारी बनेको जलजला गाउँपालिकाका अध्यक्ष राजुप्रसाद आचार्यले बताउनुभयो । गाउँपालिकाभित्र गाई र हलगोरू पाल्ने कृषकको सङ्ख्या समेत बर्सेनि बढ्दै गएको छ।

व्यावसायिक किसानलाई गाउँपालिकाले नै 'मिनी टिलर' बाँडेको भए पनि पहाडी क्षेत्रका भिराला र बाटोको सुविधा नभएका ठाउँमा 'मिनी टिलर' लैजान नसक्दा पाखा, छेउछाउ र भिर नजिकका जग्गा बाँझो रहन नदिन हलगोरु पाल्ने कृषकलाई प्रोत्साहन गरिएको उहाँले बताउनुभयो। यो कार्यक्रममार्फत आगामी आव विसं २०८२/०८३ मा पनि रु १३ लाख विनियोजन भएको जलजला गाउँपालिकाका उपाध्यक्ष दीपक आचार्यले बताउनुभयो। पछिल्लो कार्यकालका जनप्रतिनिधि निर्वाचित भएपछि आव विसं २०७९/८० देखि जलजलामा स्थानीय जातको गाई संरक्षण र हलगोरू पाल्ने कृषकलाई अनुदान दिने कार्यक्रमले निरन्तरता पाएको छ । आगामी आवको बजेटमा पर्वतको पैंयू गाउँपालिकाले पनि हलगोरु पाल्ने कृषकलाई अनुदान दिनका लागि बजेट विनियोजन गरेको छ।

## कम्पनीको नाम परिवर्तनबारे सूचना

**प्रथमपटक प्रकाशित मिति : २०८२।०३।१३**

**मिति २०८२/०१/११ को विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी पोखरा माउन्टेन बाइक एड्भेन्चरको नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति तथा तिन् व्यहोर्नुपर्ने कर दायित्व तथा नाम सम्बन्धमा भ्रम सृजना भई उजुरी परेमा सशोधन गर्ने शर्तमा नाम परिवर्तन गरी नेपाल एम टि बि एड्भेन्चरस राखिएको व्यहोरा सम्पूर्णमा जानकारी गराइन्छ।**

गण्डकी प्रदेश सरकार
उद्योग तथा पर्यटन मन्त्रालय
पर्यटन, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
पर्यटन तथा उद्योग कार्यालय, कास्की

## फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

*प्रथम पटक प्रकाशित सूचना २०८२/०३/१०*

यस कार्यालयबाट मिति २०८०/०६/११ मा कास्की जिल्ला पोखरा २२, कास्कीमा संचालन गर्ने गरि अन्नपूर्ण-४, कास्की निवासी नवराज शर्मा पौडेलको नाउँमा दर्ता भएको फर्म दर्ता नं. २५७२६/०६/११ को कालिमाटी लोटस रेष्टुरेण्ट कटेज एण्ड लज नामक फर्मको प्रोप्राईटरले मिति २०८२/०३/१२ मा फर्म बन्द गरीपाँउ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यदि सो फर्ममा अरु कसैको हकदावी एवं कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ। म्याद भित्र लिखित उजुरी नपरेमा उक्त फर्म नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ।

**पर्यटन तथा उद्योग कार्यालय, कास्की**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १९ स्थित हनुमान मन्दिर निर्माण कार्य गर्दा तपसिल बमोजिमको आम्दानी तथा खर्च भएको ब्यहोरा सरोकारवालाहरुमा जानकारीको लागि यो सार्वजनिक सूचना जारी गरिएको छ।

योजनाको नामः हनुमान मन्दिर निर्माण
ठेगानाः पोखरा-१९, उपल्लो काउरे
योजना शुरु हुने मिति : २०८२/०२/२० गते
योजना सम्पन्न हुने मिति : २०८२/०३/१५ गते
योजना सम्पन्न भएको मितिः २०८२/०३/१२ गते
योजनाको कुल लागत : रु. ५,२६,८५१।-
महानगरपालिकाबाट प्राप्त : रु. ५,००,०००।-
जनश्रमदानबाट : रु. २६,८५१।-
उपभोक्ता समिति अध्यक्षः उमराज बास्तोला
मो.९८५६०३३७१६
उपभोक्ता समिति सदस्य संख्याः ७ जना

**हनुमान मन्दिर निर्माण उपभोक्ता समिति पोखरा-१९, कास्की**

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : आर्थिक समस्या |
| वृष | : मानसिक तनाब | वृश्चिक | : स्वास्थ्यमा सुधार |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : कार्यमा सफलता |
| कर्कट | : शत्रुको भय | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : झमेला बड्ने | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : शुभ यात्रा | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# म्यागदीमा व्यावसायिक अरिङ्गालपालन

**पोखरापत्र संवाददाता**
म्याग्दी, १२ असार

पाखो बारीको भित्तामा सासाना प्वाल छन् । नजिकनजिक रहेका प्वालभित्र फ्ल्याक राखेर ओत लगाइएको छ ।

यिनै ओतमुनि अरिङ्गालका गोला छन् । म्याग्दीको बेनी नगरपालिका-६ जामुनाखर्कका अशोक शाहीले राहुवडास्थित पाखोबारीमा व्यावसायिक अरिङ्गालपालन गर्दै आउनुभएको छ ।

शाहीले नजिकैको जङ्गलबाट ल्याएर ११ गोला अरिङ्गाल पाल्न थालेको जानकारी दिनुभयो । राहुवडामा खुर्सानीखेतीका लागि सम्याएको पाखाको भित्ता र जामुनाखर्कमा घरको बार्दलीमा उहाँसँगै श्रमतीतले गीताले अरिङ्गालपालन गर्नुभएको हो । "नयाँ किसिमको व्यवसाय गर्ने योजनाअनुसार गत वर्ष जङ्गलबाट घरमा ल्याएर गरेको अरिङ्गालपालन सफल भएको छ", गीताले भन्नुभयो, "मौरी जसरी नै गोला स्थानान्तरण विधिबाट अरिङ्गाल पाल्दा यसको संरक्षणसँगै आम्दानीको स्रोत हुने रहेछ ।" पर्वतको जलजला गाउँपालिकाको लघुउद्यम विकास सहजकर्तासमेत रहनुभएकी गीताको योजनालाई गाउँमा हस्तकला तथा फर्निचर उद्योग सञ्चालन गदै आउनुभएका श्रीमान् अशोकले साथ दिनुभएको छ । प्रत्येक दुई महिनामा एउटा गोलाबाट आठ किलोसम्मको अरिङ्गालको लार्भा निकाल्न सकिने शाहीले जानकारी दिनुभयो । "जङ्गलमा अरिङ्गालको



गोला देखाउनेलाई बिक्री गरेर भएको आम्दानीको आधा रकम दिने गरेका छौँ", अशोकले भन्नुभयो, "अरिङ्गालले टोक्न नसक्ने कपडा र सुरक्षा कवच (सेफ्टी बेल्ट) प्रयोग गरी रुखमा चढेर रानीसहितको अरिङ्गालको गोला ल्याएर पाल्ने गरेका छौँ ।" जङ्गलबाट ल्याइएको अरिङ्गाल २५ प्रतिशत भागेर जाने र ७५ प्रतिशत मात्रै राखेको ठाउँमा बस्ने गरेका शाही दम्पतीको अनुभव छ । "बेनीका होटलमा अरिङ्गालको लार्भाबाट बनेका परिकार बिक्री हुन्छन् । काँचो लार्भा प्रतिकिलो रु तीन हजार ५०० का दरले बिक्री हुने गरेको छ", शाहीले भन्नुभयो ।

गत वर्ष ३० किलो लार्भा उत्पादन गरेका शाही दम्पतीले यस वर्ष २५ वटा गोला पालेर करिब एक क्विन्टल लार्भा बेच्ने लक्ष्य राखेको बताउनुभयो । "एउटा गोलाबाट एकपटकमा आठ किलोसम्म लार्भा निकाल्न सकिन्छ । प्रत्येक दुई/दुई महिनामा लार्भा निकाल्न सकिन्छ", उहाँले भन्नुभयो । पालेका अरिङ्गाल चरनका लागि जङ्गल र खेतबारीमा जान्छन् । किरा, फट्याङ्जा, विभिन्न प्रजातिका फूल तथा फलफूल अरिङ्गालका आहारा हुन् । झरी परेको समयमा मासु र फलफूल आहाराका रूपमा दिने गरेको शाहीले बताउनुभयो । शक्तिवर्द्धक मानिने अरिङ्गालको भुटेको लार्भा प्रतिरिकापी रु ६०० का दरले बिक्री हुने बेनीका होटल व्यवसायी राजन लामाले बताउनुभयो । अरिङ्गाल बर्खायाममा बेनीमा आउने पाहुनाको प्रमुख रोजाइमा पर्ने गरेको उहाँको अनुभव छ । जेठबाट गोला बनाउन सुरु गर्ने अरिङ्गालका लार्भा कात्तिकसम्म बिक्री हुन्छन् । "अरिङ्गाल पाल्न सजिलो काम भने होइन । गोला जङ्गलबाट सार्दा सावधानी अपनाउन सकिएन भने ज्यान जोखिममा पर्छ । अरिङ्गाल रिसाएर टोक्ने सम्भावना बढी हुन्छ", अशोकले भन्नुभयो, "बास बसेको समयमा स्थानान्तरण गर्नुपर्छ । मानिसको आवतजावत कम हुने ठाउँमा ल्याएर पालेका छौँ ।" उहाँका अनुसार रातो र कालो जातका अरिङ्गाल बढी पाइन्छन् । जिल्लास्थित डिभिजन वन कार्यालयका प्रमुख विष्णुप्रसाद अधिकारीले अरिङ्गालपालन म्याग्दीमा नयाँ वनजन्य उद्यम भएको बताउनुभयो । "लार्भाका लागि गोला पोलेर अरिङ्गालको वंशनै नष्ट गर्नुभन्दा पालन गर्दा यसको संरक्षण पनि हुने, आम्दानी पनि हुन्छ", उहाँले भन्नुभयो, "जोखिम भएकाले अरिङ्गालपालनमा सावधानी भने अपनाउन आवश्यक छ ।"


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १७ प्रगति टोलमा फुस्रे खोला नदि नियन्त्रण कार्य गर्दा तपसिल बमोजिमको आम्दानी तथा खर्च भएको ब्यहोरा सरोकारवालाहरुमा जानकारीको लागि यो सार्वजनिक सूचना जारी गरिएको छ ।

योजनाको नामः फुस्रे खोला नदि नियन्त्रण
ठेगानाः पोखरा-१७, प्रगति टोल
योजना सम्झौता मिति : २०८१/१२/०३ गते
योजनाको सुरु मितिः २०८१/१२/०४ गते
योजना सम्पन्न हुने मिति : २०८२/०३/१० गते
योजना सम्पन्न भएको मितिः २०८२/०३/१० गते
योजनाको कुल लागत : रु. ८८,९०,०००।-
महानगरपालिकाबाट प्राप्त : रु. ८०,००,०००।-
जनसहभागिताबाट प्राप्त : रु. ८,९०,०००।-
उपभोक्ता समिति अध्यक्षः प्रेम बहादुर संराली
मो. नं.: ९८५६०३६७१६
उपभोक्ता समिति सदस्य संख्याः ९ जना मः ३ पुः ६
इन्जिनियरः शिशिर अर्याल, रमेश सुवेदी

**फुस्रे खोला नदि नियन्त्रण उपभोक्ता समिति**
**पोखरा-१७, प्रगति टोल**



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १५ स्थित फलेपाटन टोल विकास संस्था परिसरमा भौतिक तथा ट्रस निर्माण कार्य गर्दा तपसिल बमोजिमको आम्दानी तथा खर्च भएको ब्यहोरा सरोकारवालाहरुमा जानकारीको लागि यो सार्वजनिक सूचना जारी गरिएको छ ।

योजनाको नामः फलेपाटन टोल विकास संस्था परिसरमा भौतिक तथा ट्रस निर्माण
ठेगानाः पोखरा-१५, फलेपाटन
योजना सम्झौता मिति : २०८२/०१/०९ गते
योजना सुरु हुने मिति : २०८२/०१/११ गते
योजना सम्पन्न हुने मितिः २०८२/०३/१५ गते
योजनाको कुल लागत : रु. ५,१२,०००।-
महानगरपालिकाबाट प्राप्त : रु. ४,३५,०००।-
जनसहभागिताबाट : रु. ७७,०००।-
उपभोक्ता समिति अध्यक्षः कल्पना कुमारी अधिकारी बानियाँ
मो.९८५६०२७६१८
उपभोक्ता समिति सदस्य संख्याः ७ जना महिलाः३ पुरुषः४

**फलेपाटन टोल विकास संस्था परिसरमा भौतिक तथा ट्रस निर्माण उपभोक्ता समिति पोखरा-१५**


# 'मदन भण्डारी राष्ट्रिय पुरस्कार' पर्यटन व्यवसायी शेर्पालाई दिइने

**रासस**
पोखरा, १२ असार

यस वर्षको 'मदन भण्डारी राष्ट्रिय पुरस्कार' पर्यटन व्यवसायी आङछिरिङ शेर्पालाई प्रदान गरिने भएको छ । मदन भण्डारी फाउण्डेशनले यहाँ बिहीबार पत्रकार सम्मेलन गरी रु एक लाख राशिको सो पुरस्कार व्यवसायी शेर्पालाई प्रदान गर्ने निर्णय गरेको हो ।

उक्त पुरस्कार यही असार १४ गते जननेता मदन भण्डारीको जन्मजयन्तिका अवसरमा आयोजना हुने कार्यक्रममा प्रदान गरिने छ । पर्यटन व्यवसायी शेर्पा सोलुखुम्बुको पासाङ ल्हामु गाउँपालिका-४ खुम्जुङ्ग गाउँमा जन्मिनु भएको हो । उहाँले ४७ वर्षदेखि वातावरण र जलवायु परिवर्तनको मुद्दामा सक्रिय रहनुका साथै नेपाल पर्वतारोहण सङ्घको पटक पटक गरी १५ वर्ष अध्यक्षका रूपमा नेतृत्व गर्नु भएको छ । शेर्पा अहिले पनि जलवायुमैत्री हिमाली सङ्गठन, विश्व पर्वतारोहण महासङ्घ, एसिएन पर्वतारोहण महासङ्घ, विश्व पर्वतारोही सङ्घ, हिमालयन होष्ट कन्ट्रिजजस्ता संस्थामा नेतृत्वकारी भूमिका निर्वाह गरिरहनुभएको छ । फाउण्डेशनले नेपालको लोकतान्त्रिक आन्दोलनमा नयाँ वैचारिक र राजनीतिक दर्शनका क्षेत्रमा जननेता भण्डारीको योगदानको स्मरण गर्दै उहाँको विचार र मार्गदर्शनलाई जीवन्त बनाइराख्न सामाजिक, आर्थिक र राजनीतिक क्षेत्रमा महत्वपूर्ण काम गर्ने संस्था र व्यक्तित्वलाई सामाजिक पहिचान र राष्ट्रिय गौरवका रूपमा प्रस्तुत गर्न २०६८ सालदेखि सो पुरस्कार प्रदान गर्दै आएको छ ।

# आँबुखैरेनी अस्पतालमा झाडापखाला र ज्वरोका बिरामी बढे

**पोखरापत्र संवाददाता**
तनहुँ, १२ असार

जिल्लाको आँबुखैरेनी अस्पतालमा झाडापखाला र ज्वरोका बिरामी बढ्न थालेका छन् । मौसम परिवर्तन भएसँगै झाडापखाला र ज्वरोको बिरामी बढी आउने गरेका हुन् ।

दिनमा १५० जनाभन्दा बढी बिरामी उपचारका लागि आउने गरेकामा करिब २० जना ज्वरोका र १५ जना झाडापखालाका बिरामी देखा पर्न थालेका अस्पतालका सुपरिटेन्डेन डा डिबी क्षेत्रीले जानकारी दिनुभयो । "पहिला एक-दुई जना बिरामी देखिनेमा अहिले त्यो सङ्ख्या १५-२० पुगेको छ । पखालाका बिरामीलाई अस्पतालमा भर्ना गरेर उपचार गरिरहेका छौँ", उहाँले भन्नुभयो । ज्वरोका बिरामीको स्वास्थ्य परीक्षण गरी भाइरल सङ्क्रमण देखिएमा सिटामोटलगायत आवश्यक औषधि दिने गरिएको बताउँदै निको नभएका वा गम्भीर प्रकृतिका बिरामीको रगत जाँच गरी टाइफाइड र डेङ्गी परीक्षण गर्ने गरिएको सुपरिटेन्डेन डा क्षेत्रीले जानकारी दिनुभयो । उहाँका अनुसार बिरामीले रोग निको नहुँदासम्म सफा, स्वच्छ पानी प्रशस्त पिउने, आराम गर्ने, झोझिलो पदार्थ प्रशस्त पिउनेलगायत सुझाव दिने गरिएको छ । अस्पतालमा मधुमेह, उच्च रक्तचाप, हाडजोर्नी, छालाजन्य, प्रसूतिलगायत बिरामीको सङ्ख्या पनि बढ्दै गएको अस्पताल प्रशासनले जनाएको छ । यतिबेला खेती लगाउने समय भएकाले बहिरङ्ग (ओपिडी) घुइँचो कम भए पनि इमरजेन्सी कक्षमा बिरामीको चाप बढिरहेको छ । विसं २०७९ मङ्सिर १ गते सञ्चालनमा आएको यस अस्पतालले क्रमिक रूपमा स्वास्थ्य सेवा विस्तार गर्दै नागरिकलाई सेवामा सहज बनाउँदै आएको छ । यसअघि ओपिडी, इमरजेन्सी, ल्याब फार्मेसी, एक्स-रे, भिडियो एक्स-रे, नियमित सेवा दिँदै आएको अस्पतालले पछिल्ला समय डेन्टल सेवा, फिजियोथेरापी, डायलासिस, प्रसूतिको शल्यक्रिया, गाँठागुठीको शल्यक्रियाका साथै हाडजोर्नी तथा नशा रोग विशेषज्ञ सेवा पनि थप गरेको अस्पतालका सुपरिटेन्डेन डा डिबी क्षेत्रीले जानकारी दिनुभयो ।


यसैबीच आँबुखैरेनी गाउँपालिकाको स्रोतबाट हाडजोर्नी तथा नशा रोग विशेषज्ञ डा रामकुमार साहबाट नियमित सेवा दिन थालिएको छ । उक्त सेवासँगै स्थानीयवासीले हाडजोर्नी तथा नशासम्बन्धी उपचारका लागि अन्यत्र जानुपर्ने बाध्यता अन्त्य भएको गाउँपालिकाले जनाएको छ । आधारभूत अस्पतालले आफूले गर्नुपर्ने दायित्वभन्दा बढी सेवा दिइरहेको अस्पतालका सुपरिटेन्डेन डा क्षेत्रीले बताउनुभयो । उहाँले भन्नुभयो, "जुन राज्य र संविधानले सोचेभन्दा बढी स्थानीय तहले सेवा प्रवाह गर्दै आएको छ । आधारभूत अस्पतालभित्र हाडजोर्नी, डायलासिस, प्रसूतिको शल्याक्रिया गर्नुपर्ने होइन । यहाँ बढीभन्दा बढी सेवा प्रवाह गरी नागरिकको उपचारमा सहज बनाएका छौँ ।" अस्पतालमा 'गाइनोलोजिष्ट' र 'जनरल सर्जरी'को आवश्यक देखिएको जनाउँदै क्षेत्रीले आगामी दिनमा साकार बन्ने लक्ष्य राखिएको बताउनुभयो । "यहाँ जटिल प्रकृतिका बिरामीलाई पठाउने र लिने अस्पतालबीचको समन्वय हुन सकिरहेको छैन, त्यो हुन आवश्यक छ", उहाँले भन्नुभयो ।


## सदस्यहरुलाई ऋण चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

**पहिलो पटक प्रकाशित मिति २०८२/०३/१३ (पोखरापत्र राष्ट्रिय दैनिक)**

यस संस्थाबाट तपशिलमा उल्लेखित सदस्यहरुले चल अचल सम्पति धितो सुरक्षण राखि ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनुपर्ने सावा, व्याज एवम् हर्जना व्याज र अन्य दै-दस्तुर रकम समय भित्र नतिरी, नबुझाई यस संस्थासँग गर्नु भएको सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक-पटक मौखिक तथा लिखित प्रत्यक्ष भेटघाट गरी जानकारी गराउँदा समेत तिर्नु बुझाउनु पर्ने रकम नबुझाउनु भएको हुँदा यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज, हर्जना व्याज तथा अन्य दै-दस्तुर रकम बुझाउनुहोला । अन्यथा तपाई ऋणी तथा जमानत बस्ने सदस्यहरुले यस संस्थालाई ऋण सुरक्षण वापत लेखि लेखाई दिएको श्रीसम्पति सहकारी ऐन, नियमावली तथा संस्थाको ऋण असुली नीति र नेपालको प्रचलित कानुन बमोजिम लिलाम बिक्री गरी सस्थाको लेना रकम असुल उपर गर्ने ब्यहोरा यसै सूचनाद्धारा जानकारी गराइन्छ । धितो सुरक्षण अपर्याप्त हुन गई कर्जा असुली हुन नसकेकोमा ब्यक्तिगत धनजमानी दिने तपसिलका ब्यक्तिहरुको स्वामित्वमा रहेको तथा निजहरुको एकाघरको हक लाग्ने चल अचल सम्पतिबाट समेत कर्जा असुल उपर गर्न कारबाहि प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ । साथै नियमित किस्ता नभएका अन्य ऋणी सदस्यहरुले नियमित किस्ता तिर्न यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

**तपसिल**

<table>
<tr><th>क्र सं.</th><th>ऋणी सदस्यको विवरण</th><th>ऋणीको फोटो</th><th>जमानीको विवरण</th><th>जमानीको फोटो</th></tr>
<tr><td>१.</td><td>नाम : हरिश्चन्द्र पौडेल<br>जन्म मिति : २०३९/०४/२०, वर्षः ४१<br>ना.प्र.न. : ७८३७६<br>जारी मिति : २०५५/०८/०६ कास्की<br>बाब : नारायण पसाद पौडेल<br>बाजे : धर्मदत्त पौडेल<br>ठेगाना : साविक हेम्जा-१ कास्की<br>हाल : पोखरा-२५, हेम्जा</td><td></td><td>१. नाम : कालिका पौडेल<br>बाबु : भुवनशंकर<br>पति : नारायण प्रसाद पौडेल<br>ठेगाना : साविक हेमजा-१, कास्की<br>हाल : पोखरा-२५, हेमजा<br><br>२. नाम : पार्वती अधिकारी<br>नागरिकता न. : १३२६८१ कास्की<br>पति : हरिश्चन्द्र पौडेल<br>ससुरा : नारायण पसाद पौडेल<br>स्थायी ठेगाना : पोखरा १ कास्की<br>हालको ठेगाना : पोखरा २५ हेम्जा<br>फोन नं. : ९८४६५२५१६७</td><td><br></td></tr>
<tr><td colspan="5">धितो विवरण: श्री हरिश्चन्द्र पौडेलको नाममा मालपोत कार्यालय कास्कीमा दर्ता श्रेष्ता कायम रहेको कास्की जिल्ला हेम्जा गा.वि.स. वडा नं -१ स्थित कित्ता नं ४६२८ को क्षेत्रफल २०६.६४ वर्ग मि. घर जग्गा लगायत लिगलगापात समेत सम्पूर्ण ।</td></tr>
<tr><td></td><td>१. नाम : सुरेन्द्रमणी पौडेल<br>जन्म मिति : २०४३/०३/२६<br>ना.प्र.न. : ४६१४८९४१<br>जारी मिति : २०६१/०४/१३ कास्की<br>बाब : सूर्यमणी पौडेल<br>बाजे : देवी प्रसाद पौडेल<br>ठेगाना : लेखनाथ ६<br>हाल : पोखरा-२६,<br>सम्पर्क नं : ९८५६०२९३०८</td><td></td><td>१. नाम : सुर्यमणी पौडेल<br>बाबु : देवी प्रसाद पौडेल<br>ठेगाना : साविक लेखनाथ ६<br>हाल : पोखरा-२६</td><td></td></tr>
<tr><td colspan="5">धितो विवरण: श्री सुरेन्द्रमणी पौडेलको नाममा मालपोत कार्यालय कास्कीमा दर्ता श्रेष्ता कायम रहेको कास्की जिल्ला साविक शिशुवा वडा नं -८ स्थित कित्ता नं ३९९९ को क्षेत्रफल ०-९-३-२ वर्ग मि. जग्गा लगायत लिगलगापात समेत सम्पूर्ण ।</td></tr>
<tr><td></td><td>सदस्यता नं. : ९७<br>नाम : भिम बहादुर दमै<br>ना. प्र. न. : १/१५५ कास्की<br>जारी मिति : २०४२/११/२१ कास्की<br>बाबु : भैरे दमै<br>बाजे : दुर्गे दमै<br>स्थायी ठेगाना : भदौरेतामागी ४ कास्की<br>हालको ठेगाना : पोखरा २३ कास्की<br>सम्पर्क नं. : ९८०६७७३०३६</td><td></td><td>१. नाम : विन्दु परियार<br>ना.प्र.नं. : ४६-०१-६९-०६२०८,<br>जारी मिति : २०५८/१२/०७ कास्की<br>बाबु : भिम बहादुर दमै<br>बाजे : भैरे दमै<br>स्थायी ठेगाना : भदौरेतामागी ४ कास्की<br>हालको ठेगाना : पोखरा २३ कास्की<br>सम्पर्क नं : ९८१५१३६८७३<br><br>२. नाम : बल बहादुर दमै<br>ना.प्र.नं. : ४७६,<br>जारी मिति : २०४३/१०/२४ कास्की<br>बाबु : भैरे दमै<br>बाजे : दुर्गे दमै<br>स्थायी ठेगाना : भदौरेतामागी गा.वि.स ४ कास्की<br>हालको ठेगाना : पोखरा २३ कास्की<br>सम्पर्क नंः : ९८६६००८०४५</td><td><br></td></tr>
<tr><td colspan="5">धितो विवरण: भिम बहादुर दमै को नाममा मालपोत कार्यालय कास्कीमा दर्ता श्रेष्ता कायम रहेको कास्की जिल्ला चापाकोट गा.वि.स. वडा नं ९ को कित्ता नं क्रमश ११५४, १४८२, १२६६, १४४७, ९७६, १८४३ क्षेत्रफल : ७९.४८, ८५८.४३, २२०.५६, ६९९.४८, १०९.२९, ७४७.१७ वर्ग मि. घर जग्गा लगायत लिगलगापात समेत सम्पूर्ण ।</td></tr>
</table>

**फेवा बचत तथा ऋण सहकारी संस्था लि.**
**प्रधान कार्यालयः पोखरा-५, जिरो कि. मि.**
**फोनः ०६१-५७३३७५, ५७२२३६**